

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ ५ गते बिहीबार ❑ 19 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सभामुखमा एमालेका घिमिरे र कांग्रेस नेत्री न्यौपानेको मनोनयन दर्ता

**पोखरापत्र संवाददाता**

**पोखरा, ४ माघ**





प्रतिनिधिसभाको सभामुख पदका लागि सत्ता साझेदार दलका तर्फबाट नेकपा (एमाले) का सांसद देवराज घिमिरे र नेपाली कांग्रेसका नेत्री ईश्वरीदेवी न्यौपानेले मनोनयन दर्ता गराउनुभएको छ । नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनको ल्होत्से हलमा व्यवस्था गरिएको निर्वाचन अधिकृतकको कार्यालय पुगेर उहाँहरुले मनोनयन दर्ता गराउनुभएको हो ।

घिमिरेको प्रस्तावकमा एमालेका सांसद सुवास नेम्वाङ, समर्थकमा नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं उपप्रधानमन्त्री रवि लामिछाने र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं उपप्रधानमन्त्री राजेन्द्र लिङ्देन हुनुहुन्छ । विसं २०१३ मा ताप्लेजुङमा जन्मनुभएका घिमिरे २०५६ देखि २०६० सालसम्म राष्ट्रियसभा सांसद हुनुहुन्थ्यो । उहाँ प्रतिनिधिसभा सदस्यमा झापा क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको थियो । उहाँले विद्यार्थी सङ्गठनबाट राजनीति सुरु गर्नु भएको थियो । विसं २०४९ मा एमालेको केन्द्रीय सदस्य हुनुभएको थियो । घिमिरेले एमालेको स्वास्थ्य विभागको अध्यक्ष भएर काम गर्नुभएको थियो । हाल उहाँ एमालेको स्थायी समिति सदस्य हुनुहुन्छ ।

यसैगरी प्रतिनिधिसभाको सभामुख पदका लागि नेपाली कांग्रेसका नेत्री ईश्वरीदेवी न्यौपानेले मनोनयन दर्ता गराउनुभएको छ । नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनको ल्होत्से हलमा व्यवस्था गरिएको निर्वाचन अधिकृतकको कार्यालय पुगेर उहाँले मनोनयन दर्ता गराउनुभएको हो ।

न्यौपानेको प्रस्तावकमा पार्टीका महामन्त्री विश्वप्रकाश शर्मा र समर्थकमा नेकपा (एकीकृत समाजवादी)का नेता प्रकाश ज्वाला हुनुहुन्छ । उहाँको जन्म २०१६ सालमा दाङमा भएको थियो । उहाँ समानुपातिक निर्वाचन प्रणालीबाट सांसद निर्वाचित हुनुभएको हो । न्यौपाने नेपाली कांग्रेसको १२औँ महाधिवेशनदेखि केन्द्रीय सदस्यका रूपमा रहनुभएको छ । उहाँ २०६४ र २०७० सालको संविधानसभा सदस्य हुनुहुन्थ्यो । तत्कालीन व्यवस्थापिका-संसद्मा उहाँ पार्टीको सचेतक हुनुहुन्थ्यो । विद्यार्थी आन्दोलनबाट राजनीति सुरु गुर्नभएका उहाँ नेपाल महिला सङ्घको केन्द्रीय उपाध्यक्ष भइसक्नुभएको छ ।

बुधबार अपराह्न १ देखि ४ बजेसम्म सङ्घीय संसद् भवनमा प्रतिनिधिसभाका कुनै सदस्यलाई सभामुखमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गरिने कार्यतालिका तोकिएको थियो । निर्धारित समयभित्र दर्ता भएका उम्मेदवारको सूचनाको दर्ताअनुसारको सूची बुधबारनै प्रकाशित गरिने छ ।

प्रतिनिधिसभाका सभामुखको निर्वाचन यही माघ ५ गते बिहान ११ बजे हुँदैछ । उक्त बैठकमा सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव र समर्थकले समर्थन गर्ने कार्यतालिका छ । त्यसलगत्तै उम्मेदवारीको सूचनामाथिको सामूहिक रूपमा छलफल हुने र दर्ता क्रमानुसार निर्णयार्थ प्रस्तुत गरिनेछ । प्रतिनिधिसभाको गत पुस २६ गतेको बैठकले माघ ५ गते सभामुखको निर्वाचन गर्न बुधबार निर्वाचन तालिका प्रकाशित गर्न निर्देशन दिएको थियो । सभामुख र उपसभामुखमध्ये एक महिला र फरक दलको हुनुपर्नेछ । नेपाली जनताको सर्वभौमसत्ता सम्पन्न सर्वोच्च थलोका रूपमा प्रतिनिधिसभा रहिआएको छ । सङ्घीय संसद्को पहिलो बैठक बसेको १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यमध्येबाट सभामुख निर्वाचित गर्ने संवैधानिक व्यवस्था छ ।

## विमान दुर्घटनाको ४ दिनपछि एटिआर कम्पनीको विज्ञ टोली पोखरामा

**पोखरापत्र संवाददाता**

**पोखरा, ४ माघ**



पोखरामा यति एयरलायन्स विमान दुर्घटना भएको ४ दीन पछि यती एयरलाइन्सको एटिआर विमान दुर्घटना बारे स्थलगत अध्ययनका लागि फ्रान्सस्थित एटिआर कम्पनीको विज्ञ टोली पोखरा आएको छ ।

पोखरा ७ र १५ को सिमानामा पार्ने सेतीनदीको खोँचमा यही माघ १ गते भएको विमान दुर्घटना बारे उक्त टोलीले घटनास्थलको अध्ययन र घटनाका बारेमा जानकारी लिएको छ । साथै उक्त विमान दुर्घटना भएको क्षेत्रमा पहेलो रिवन समेत लगाएको छ । एटिआर विमान निर्माता कम्पनीका विज्ञ टोलीले घटनाको बारे स्थानियसंग समेत जानकारी लिएको छ । टोलीलाई नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान)का कर्मचारी, सुरक्षाकर्मी, स्थानीयवासी लगायतले सहजीकरण गरिहेका छन् । टोलीले घटनास्थलमा ड्रोन समेत उडाएर अवस्थाको जानकारी लिएको छ ।

सरकारले दुर्घटनाको छानविनका लागि गठन गरेको जाँच आयोगले समेत पोखरा आएर आफ्नो काम सुरु गरिसकेको छ । आयोगका केही सदस्य अध्ययन सकेर काठमाडौं फर्किसकेको र केही अझै पोखरामा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले बताए । काठमाडौंबाट पोखरा आउँदै गरेको यती एयरलाइन्सको जहाज पोखरा विमानस्थल नजिक सेती नदीको खोँचमा दुर्घटना हुँदा विमानमा ७२ जना सवार थिए । २२ जनाको शव पोखरामा पोष्टमाटम पश्चात उनका आफन्तलाई बुझाइएको छ भने ४८ शव काठमाडौं लगिएको छ । एक जना अझै अज्ञात भएको प्रहरीले जनाएको छ । उक्त विमान दुर्घटना को पाइलटले चलाएको त विमानमा केही समस्या आएको लगायतको आशंका गरिएको छ । घटना सत्य तथ्य भने अबको छानविन समितिले ल्याउला ।

## पाइलट केसीको शालिकसहित उद्यान निर्माण गरिने

**पोखरापत्र संवाददाता**

**पोखरा, ४ माघ**

पोखरामा यही माघ १ गते यती एयरलाइन्सको नाइन एन एएनसी एटिआर-७२-५०० विमान दुर्घटनामा मृत्यु भएका विमानका पाइलट कमल केसीको अर्धकदको शालिक निर्माण गरिने भएको छ ।

कास्कीको रुपा गाउँपालिकाले केसीको स्मरणमा शालिकसहित उद्यान निर्माण गरी दुर्घटनामा निधन भएका ७२ जनाको शिलालेखमा नाम समावेश गर्ने निर्णय गरेको हो । स्व केसी रुपा गाउँपालिका-३ पोल्याङ निवासी हुनुहुन्थ्यो । गाउँपालिकाले उहाँलाई २०७८ सालमा रुपारत्न सम्मानबाट समेत सम्मान गरेको थियो । केसी गाउँपालिकाको पहिलो पाइलट एवं प्रशिक्षक हुनुहुन्थ्यो ।

गाउँपालिका अध्यक्ष नवराज ओझाले पाइलट केसीको मृत्युले गाउँपालिकालाई अपूरणीय क्षति पुगेको बताउनुभयो । मङ्गलबार बसेको गाउँ कार्यपालिका बैठकले केसीको शालिकसहित उद्यान निर्माण गर्ने, शिलालेखमा नाम समावेश गर्ने र स्थानीय पाठ्यपुस्तकमा केसीका बारेमा समावेश गराउने निर्णय गरेको हो । केसीले अमेरिकाबाट पाइलट कोर्स पढेर आउनुभएको थियो । उहाँले २०४६ सालमा नेपाल वायु सेवा निगमबाट आफ्नो पेसाको सुरुआत गर्नुभएको हो । पछिल्लो समय केसी यती एयरलाइन्समा आबद्ध हुनुहुन्थ्यो ।

केसीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो परीक्षण उडान गर्नुभएको थियो । यही माघ १ गते काठमाडौंबाट पोखरा आउँदै गरेको यती एयरलाइन्सको जहाज पोखरा विमानस्थल नजिक सेती नदीको खोँचमा दुर्घटना हुँदा ७२ जनाको निधन भएको छ । दुर्घटनामा परेकाहरूमध्ये अझै एक जनाको शव प्राप्त हुनसकेको छैन ।

## दुर्घटना प्रभावित नागरिक समिति गठन

**पोखरापत्र संवाददाता**

**पोखरा, ४ माघ**

आइतबार भएको विमान दुर्घटनाका सन्दर्भमा दुर्घटना प्रभावित नागरिक समिति गठन गरिएको छ ।

पोखराको सेतीनदी खोँचमा भएको विमान दुर्घटना प्रभावित क्षेत्रका नागरिकको बुधबारको भेलाले प्रेस स्वतन्त्रता सेनानी कुसुमकेशव पराजुलीको संयोजकत्वमा नागरिक समिति गठन गरेको हो । समितिमा आवश्यकताअनुसार सहसंयोजक, सचिव र अन्य पदाधिकारी चयन गर्न अर्को भेला यही माघ ७ गते राखिएको छ ।

समितिमा गण्डकी प्रदेशका मुख्यमन्त्री प्रमुख संरक्षक रहनेगरी पोखरा महानगरपालिकाका प्रमुख, गण्डकी प्रदेशका सरोकारवाला सांसद, पत्रकार महासङ्घका केन्द्रीय सदस्य, यती एयरलाइन्स कम्पनी, कास्कीका जिल्ला समन्वय समितिका प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलाई सल्लाहकारमा चयन गरिएको छ । नागरिक समितिमा दुर्घटनामा परी मृत्यु भएका परिवारका सदस्यलाई समाबेस गर्ने र आवश्यकताअनुसार प्रदेशका सङ्घसंस्था, सरोकारवाला पालिका र वडाध्यक्ष, पोखरा उद्योग वाणिज्य सङ्घ, पर्यटन व्यवसायी सम्बद्ध सङ्घ सङ्गठन, धार्मिक तथा सांस्कृतिक संस्थालाई पनि समावेश गरिने भएको छ । भेलाले दुर्घटनामा निधन हुनेप्रति श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै प्रदेशमा घटेको ठूलो हवाई दुर्घटनाको निष्पक्ष छानविन गर्न सरकारलाई अनुरोध गरेको छ ।

छानविनमा सघाउन मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिलाउने साथै मृतकको चीरशान्तिको कामनासहित उहाँहरूको परिवारजनको सहजता हुनेगरी समाज संस्कृतिअनुसारकोस्वस्तिशान्ति, पाठपूजा, प्रार्थना गर्ने निर्णय गरिएको छ । समितिले नेपाली संस्कृति रीतिरिवाजअनुसार १३ माघमा शान्तिदीप प्रज्वलन एवं स्वस्तिशान्ति गराउने र हरेक वर्ष यसै तिथिमा स्मृतिसभा गर्ने भएको छ । दुर्घटनामा मृत्यु भएकाको चीरस्मृति हुने कार्यक्रम थालनी गर्न समितिले विभिन्न उपसमिति गठन गर्न सकिने र त्यसको वैधानिकताका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरिएको छ ।

यसका लागि समिति आफैँले स्रोत जुटाएर खर्च गर्ने, आम्दानी, खर्चको लेखा परीक्षण सरकारी, गैरसरकारी र स्वतन्त्र नागरिक समाजको तर्फबाट सार्वजनिक सुनुवाइ गराएर गरिने जनाइएको छ । दुर्घटनाले उब्जाएको राष्ट्रिय, अन्तर्राष्ट्रिय शोकलाई स्वदेश, विदेशको नागरिक र स्थानीय स्रोतसाधन परिचालन गरी शक्तिमा परिणत गर्न समिति लाग्ने उल्लेख गर्दै पोखरा एवं नेपालको हवाई उडान र पर्यटन व्यवसायलाई असर पर्ने कुनै समाचार प्रचार नगर्न सबैमा आग्रह गरिएको छ ।

६८ यात्रसहित चार चालकदलका सदस्य लिएर आइतबार काठमाडौंबाट पोखराका लागि उडेको जहाज सेतीखोँचमा खसेको थियो ।


**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- **झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,**
- **सुत्ने बेला बालेको आगो वा हिटर निभाऔँ,**
- **आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,**
- **हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,**
- **सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ। गर्नै परेमा भेन्टिलेसन खुला राखौं।**

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ।*

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोउवा संघ र मणिपाल अस्पतालबीच स्वास्थ्य सेवा सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ




पोखरा उद्योग वाणिज्य संघका सदस्यहरुले मणिपाल शिक्षण अस्पतालको स्वास्थ्य सेवामा छुट पाउने भएका छन् ।

संघ र मणिपाल अस्पताल पोखराबीच स्वास्थ्य सेवासम्बन्धी सम्झौता भएसँगै संघका साधारण सदस्यहरुले सो सुविधा पाउने भएका हुन् । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापति तथा मणिपाल शिक्षण अस्पताल पोखराका निर्देशक डा. अभिषेक मास्केबीच भएको सम्झौता अनुसार अब संघका सदस्यहरुले मणिपालको स्वास्थ्य सेवा लिँदा दर्ता शुल्क लाग्ने छैन ।

यसैगरी संघका सदस्यले मणिपालको साधारण बेडमा २५ प्रतिशत, निशुल्क डाक्टरी परामर्श, साधारण एमआरआइ र सिटी स्क्यानमा १० प्रतिशत छुट पाउने छन् । 'न्यूरो सर्जरी तथा अति विशिष्ट सेवा बाहेकका अन्य शल्यक्रियामा १० प्रतिशत छुट दिइनेछ, सम्झौतापत्रमा भनिएको छ, 'नियमित जाँचमा १५ प्रतिशत छुटको व्यवस्था छ ।' पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिका अनुसार नियमित जाँचमा रगत, पिसाब, इसीजी, एक्सरे, युरिक एसीड, थाइराइड, युएसजीलगायत अस्पतालले प्रदान गर्ने सेवाहरु रहेका छन् । ' हाम्रा साधारण सदस्यहरुलाई थोरै भएपनि सहुलियत प्रदान गरौँ भन्ने हेतुले यो सम्झौता गरिएको हो', अध्यक्ष प्रजापतिले भने, ' हामीले मणिपाललाई हाम्रा साधारण सदस्यहरुले संघले प्रदान गरेको परिचयपत्रकै आधारमा यो सेवा पाउनुहुनेछ । हामीले त्यसको जानकारी अस्पतालाई गराइसकेका छौँ ।' संघका महासचिव बलराम आचार्यका अनुसार यो सम्झौताको अवधि एक वर्ष रहेको छ ।

२०७९ साल माघ ३ गतेबाट कार्यान्वयनमा आएको सम्झौत अर्को वर्षको माघ २ गतेसम्म कायम रहने छ । त्यसपछि पनि सम्झौता नवीकरण गरिने महासचिव आचार्यले बताए ।

# नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको तेस्रो प्रदेश साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको तेस्रो प्रदेश साधारण सभा कार्यक्रम सभापति चन्द्र किशोर गौतमको सभापतित्व र गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय खगराज अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

प्रमुख अतिथि मुख्य मन्त्रीले कला र शिप सँस्कृति युक्त ब्यवसायलाई ब्यबस्थित गर्नु पर्छ । हाम्रा आमा दिदीबहिनीहरुले लगाउने मानवीय पानीमा चोरले छर्किएन चोखो शुद्ध बनाउने, शरीरलाई इनर्जी दिने महंगो र धातुको राजा सुनको कारोबार गर्ने व्यवसायीहरु एकताबद्ध हुनुहोस् । यस ब्यवसायमा खरीदार गर्दा सानो सावधानी नअप्दाउदा ब्यवसायी कानुनी दायरामा परेको हामले सुनेका छौं । अब यसको समाधान गर्नकानिम्ति योजना बनाएर आउनुहोस् सभापतिले सही कुरा राख्नु भएको छ । हामी आफ्नो दाउराबाट सहयोग गर्ने छौं । तपाईं व्यवसायीहरुलाई सुन बाहिरबाट ल्याउनु पर्छ त्यो पनि थोरै मात्र । हाम्रो प्रदेश को कालीगण्डकी बाट सुन बगेर गएको छ त्यस्तै यस प्रदेशमा अरुपनि थुप्रै खनिज पदार्थ छन् हामीले उत्खनन् गरि हाम्रो प्रदेशलाई धनी बनाउनु पर्छ । व्यवसायीका पनि केही समस्या समाधान हुन्छ, तपाईंहरू ढुक्क हुनुहोस् । महासंघका निवर्तमान



अध्यक्ष मोहन कुमार सुनारले सुनचाँदी व्यवसायीलाई आवश्यक कच्चा पदार्थ कम आयात गर्दा सिजनमा पसल बन्द गर्न पर्ने अवस्था छ ।

व्यवसाय संचालन कार्यबिधी, मापदण्ड निर्देशिका सरकारले नबनाउनु व्यवसायी अन्योलमा छन । यतिका वर्ष सम्मको प्रयास राज्यले सुन्दैनन् भने अब आन्दोलन मा जानुको बिकल्प छैन । महासंघले सदस्यता र ल्याएका आधारमा प्रदेशबाट सुनको बितरण सिफारिस गर्दा मोफसलका ब्यबसायीहरुलाई धेरै राहत हुने बताउनु भयो ।

गण्डकी प्रदेशका माननीय डिल कुमारी पौबि बिश्वकर्माले सुन दलालीको हातमा गएकाले दुर दराजका व्यवसायी समस्या मा छन । यसको अन्त हुन आवश्यक छ । गण्डकी प्रदेशले कोविड-१९ को महामारीमा कोविड हेल्पडेक्स समिति गठन गरि व्यवसायी बचाउने कार्यको लागि सम्मान गर्न चाहन्छु । म र मेरो परिवार ऋणी छौं । समाजले समेत बेवास्ता गरेको बेला तपाईहरूले सहयोग गर्नु भयो । प्रदेश महासंघको कार्यलाई म प्रदेश सांसदको हैसियतले सहयोग गर्नेछु । माननीय गोबिन्द नेपालीले सुनचाँदी ब्यवसायी मा धेरै समस्या छन । यसको लागि कानुन व्यवसायी, प्रदेश सांसद, बिभागिय सचिवहरु प्रहरीहरु सहित बहस चलाउनुहोस त्यसको निस्कर्ष प्रदेश सभामार्फत ऐन कानुन निति निर्देशिका बनाउन पहल गर्ने छौं भन्नुभयो ।

महासंघका उपाध्यक्ष निर्मल बिश्वकर्माले म गण्डकी प्रदेशको संस्थापक भएको र महासंघको उपाध्यक्षको रुपमा रहदा गण्डकी प्रदेशले अरु प्रदेश भन्दाअघि उदाहरणीय कार्यहरू गरेको बताउनु भयो । महासंघका सचिव केस बहादुर सुनारले प्रदेश ले कालिगढ तालिम संचालन गर्दा कोविड महामारीले संचालन रोकिए पनि पुन प्रदेश सरकार सँग मिलेर संचालन गर्नुपर्ने र यस्ता राम्रा कानको लागि महासंघले सहयोग गर्नेबताउनुभयो।कार्यक्रममामहासंघका सचिव बाबुराम विश्वकर्मा नवलपुर जिल्ला समन्वय समितिको प्रमुख हुनुभएकोमा दोसल्ला र सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । यसै अवसरमा उहाँले यस्तो सर्हानिय कार्यप्रति आभार प्रकट गर्नु भएको थियो । कार्यक्रममा मधेस प्रदेशका सभापति राम जि साह, प्रदेश सांसद गोबिन्द नेपाली र डिलमाया पौ बि विश्वकर्मालाई दोसल्ला ओढाइ सम्मान गरिएको थियो। सभामा केन्द्रीय सदस्यहरू मनकाजी घमाल, सुदेशचन्द्र राजभण्डारी निर्मल दियाली र हरि बहादुर बिश्वकर्माले बोल्नु भएको थियो ।

दोस्रो सत्रमा कोषाध्यक्ष नेत्र बहादुर बिश्वकर्माले आर्थिक प्रतिवेदन, सचिव रविन बिश्वकर्माले प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सुझाव सहित परित गरिएको थियो । साधारण सभाले चोरीजन्य समस्या समाधान प्रदेश स्तरिय, नीति नियम निर्देशिका भैपरी आउने अन्य कार्यका लागि सभापति चन्द्र किशोर गौतम को संयोजकत्वमा प्रदेश पदाधिकारीहरू र जिल्ला अध्यक्षहरु रहने गरि १६ सदस्यिय समिति गठन गरिएको र जिल्ला अध्यक्ष पुर्ण बहादुर बिश्वकर्मा, देव बहादुर बिश्वकर्मा, बिनोद कुमार बिश्वकर्मा, ठाकुर बि पौडेल र राजेसमान बुद्धाचार्यले बोल्नु भएको थियो । कार्यक्रम संचालन सचिव रबिन बिश्वकर्माले र धन्यवाद सहित कार्यक्रम समापन जिवन कुमार बिश्वकर्माले गर्नु भएको थियो ।

# वेलायतका मेयर चोपरा वडा नं १३ मा

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ



संयुक्त अधिराज्य बेलायतको साउथ वार्कका मेयर सुनील चोपरालाई वडा १३ मा वडा अध्यक्ष किरण बरालले वुधवार स्वागत गरेका छन् ।

वडा १३ का जनप्रतिनिधि र कर्मचारीले पनि स्वागत गरेका छन् । मेयर र वडा अध्यक्ष विच आ- आफ्ना अनुभव आदान प्रदान गर्नुको साथै विकासको वारे कसरी अगाडि बढ्ने वारे व्यापक छलफल भएका वडा अध्यक्ष किरणले पोखरापत्रलाइ वताए ।

मेयर चोपरलाइ पोखराको सुन्दरता देखेर रमाइलो भएका अध्यक्ष किरणले भने ।

मेयर र वडा अध्यक्ष किरण विच दुई स्थानीय तहबीच सम्बन्ध जोड्ने विषयमा पनि व्यापक छलफल भएको छ । पोखरा घुम्न आएका मेयर चोपराले विभिन्न पर्यटकीय ठाउँको भ्रमण गरिरहेका छन् ।

# मेयरको स्वकीय सचिवमा पूर्ण लामा



पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

पोखरा महानगरपालिकाका मेयर धनराज आर्चायको स्वकीय सचिवमा पूर्ण लामा नियुक्त भएका छन् । मेयर आर्चायले पोखरा वडा नं १३ निवासी लामालाई बुधबार नियुक्ती गरेका हुन् ।

लामा नेकपा एकिकृत समाजवादीका कास्कीका उपाध्यक्ष र युवासंघ नेपालका केन्द्रिय उपाध्यक्ष हुन् ।

# छ महिनामा तनहुँको विकास बजेट ६.३७ प्रतिशत खर्च

पोखरापत्र संवाददाता
दमौली, ४ माघ

तनहुँमा चालू आर्थिक वर्षमा विकास बजेट खर्च न्यून देखिएको छ । चालू आर्थिक वर्ष ०७९/८० को छ महिनाको अवधिमा तनहुँमा विकास बजेटतर्फ ६.३७ प्रतिशत मात्रै बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँले जनाएको छ ।

पूँजीगततर्फ सङ्घीय सरकारमार्फत रु तीन अर्ब १५ करोड १२ लाख ३८ हजार तीन सय ९० विनियोजन भएकामा यस अवधिमा रु २० करोड नौ लाख १९ हजार चार सय ६३ खर्च भएको प्रमुख कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिनुभयो ।

त्यस्तै चालूतर्फ ३८.७६ प्रतिशत बजेट खर्च भएको छ । चालूतर्फ रु आठ अर्ब ३८ करोड ७४ लाख १४ हजार सात सय ३८ विनियोजन भएकामा रु चार अर्ब २७ करोड २४ लाख ६० हजार ९९ खर्च भएको कार्यालयले जनाएको छ । प्रदेश सरकारमार्फत विनियोजित बजेटमध्ये पूँजीगततर्फ १०.५४ प्रतिशत बजेट खर्च भएको छ । छ महिनाको अवधिमा सङ्घ सरकारभन्दा प्रदेश सरकार मातहतका कार्यालयले विकास बजेट बढी खर्च गरेका छन् । पूँजीगततर्फ रु दुई अर्ब ६० करोड तीन लाख ३१ हजार विनियोजन भएकामा रु २८ करोड ३६ लाख ३५ हजार छ सय १३ खर्च भएको कार्यालयले जनाएको छ । त्यस्तै, चालूतर्फ रु ८२ करोड ७१ लाख तीन हजार ६७ विनियोजन भएकामा १२.३१ प्रतिशत बजेट खर्च भएको छ ।

योजना छनोट गरेर लागू गरेपछि बोलपत्र प्रक्रिया हुने, बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्दा सुरुका केही महिनामा काम ढिला हुने गरेकाले कम खर्च देखिने बताइएको छ । अन्य महिनामा भन्दा असार महिनामा धेरै बजेट खर्च हुने गरेको भट्टराईको भनाइ छ ।

# ब्रह्माबाबाको ५४ औं स्मृति दिवस

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ



ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका साकार संस्थापक, पिताश्री प्रजापिता ब्रह्माबाबाको ५४ औं स्मृति दिवसको अवसरमा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय क्षेत्रीय कार्यालय नयाँबजार पोखरामा अव्यक्त योग साधना कार्यक्रम सम्पन्न भएको छ ।

ब्रह्माकुमारीज गण्डकी प्रदेश उपाध्यक्षवरिष्ठराजयोगिनीब्रह्माकुमारी सावित्री दिदीको सभाध्यक्षता एवम् विश्वहिन्दु महासंघ नेपालका केन्द्रीय वरिष्ठ उपाध्यक्ष शंकर खराल, पतंजली योग समिति गण्डकी प्रदेश अध्यक्ष दिपकराज सिग्देलको विशेष आतिथ्यतामा ब्रह्मा बाबाप्रति श्रद्धासुमन अर्पण गरेर योग साधना भट्टीको समुद्धाटन सम्पन्न भयो । समुद्धाटन कार्यक्रममा ब्रह्माकुमारीज नयाँबजार सेवाकेन्द्र सञ्चालिका राजयोगिनी ब्रह्माकुमारी शोभा दिदीले ब्रह्मा बाबाको जीवनी एवम् विशेषताहरुमाथि प्रकाश पार्नुभएको थियो भने राजयोगिनी ब्रह्माकुमारी सावित्री दिदीले ब्रह्माबाबा समान बन्नका लागि सम्पूर्ण उपस्थित साधकहरुलाई विशेष प्रेरणायुक्त शुभभावनाहरु व्यक्त गर्नुभयो । संस्थासँग लामोसमयदेखि जोडिदै आउनुभएका स्नेही अतिथिद्वयले बाबाको तस्विरमा माल्यार्पण गर्नुका साथै ब्रह्माबाबाप्रति शब्द पुष्पद्वारा भावाञ्जली अर्पण गर्नुभयो । प्रजापिता ब्रह्माबाबाले योग साधनाद्वारा सम्पूर्ण कर्मातित अवस्था प्राप्त गरेर १८ जनवरी सन् १९६९ मा अव्यक्तारोहण हुनुभएको हुनाले वहाँको स्मृतिमा प्रत्येक १८ जनवरीलाई ब्रह्माकुमारीज संस्थाको अन्तराष्ट्रिय मुख्यालयका साथै विश्वभरी छरिएका सेवाकेन्द्रहरुमा विशेष मौन राखेर तथा दिनभरी योग तपस्या गरेर अव्यक्त स्मृति दिवसका रुपमा मनाउने गरिन्छ र पुरै जनवरी महिनालाई तपस्या महिनाको रुपमा मनाइन्छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# सिडिओलाई बलियो बनाउने कार्यविधि

प्रमुख जिल्ला अधिकारीको पदस्थापन, सरुवा तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९ सार्वजनिक भएको छ । नेपाल सरकारको प्रतिनिधिका रूपमा जिल्लामा खटिने प्रमुख जिल्ला अधिकारीको पदस्थापन, सरुवा तथा कामकाज खटाउँदा नेतृत्व र समन्वय क्षमताहुनुपर्छ । प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतन्त्र कालका प्रमुख जिल्ला अधिकारीलाई गृहमन्त्रीको आदेश मान्ने बनाइएको छ । जिल्लाका अधिकारीहरूको नेतृत्व गर्नेमा क्षमता र समन्वयको अभाव महसुस भएको छ। सुरक्षा समितिको अध्यक्ष रहने हुँदा सुरक्षा व्यवस्थापन सम्बन्धी ज्ञान नभएकाले धेरै समस्या आउने गरेका छन ।

जिल्लाको वस्तुस्थिति बुझ्न नपाउँदै सरुवा हुनुपर्ने अवस्थाले सरकारप्रति जनविश्वास गुम्दै गएको छाप्रदेश र स्थानीय तहका सरकारको अनुभव कम भएको बेला केन्द्रीय सरकारको प्रतिनिधि प्रमुख जिल्ला अधिकारीमा सबैलाई समन्वय गर्ने खुवी हुनुपर्छ । राजनीतिक अस्थिरताले गर्दा स्थायी सरकार निजामती कर्मचारी हो ।निजामती कर्मचारीलाई संरक्षण गर्न, समन्वय गर्न काममा लाग्न प्रेरित गर्ने पदलाई हल्का बनाइएको महसुस भएको छाप्रमुख जिल्ला अधिकारीको नेतृत्व क्षमता, समन्वय, सुरक्षा व्यवस्थापन ज्ञान, स्थानीय स्तरको कार्य अनुभव, रुचि, दक्षता र वरिष्ठताको आधारमा सरल, पारदर्शी एवम् अनुमानयोग्य बनाउन भन्दै गृह मन्त्रालयले कार्यविधि बनाएको छ ।

प्रमुख जिल्ला अधिकारीको सरुवा, पदस्थापन तथा कामकाजमा खटाउँदा विभिन्न चार वटा प्राथमिकता तय गरिएको छ। जसमा पहिलो पटक प्रजिअ खटाउँदा मन्त्रालय, विभाग वा अन्तर्गतका कार्यालयमा कार्यरत राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीका अधिकृतमध्ये वरिष्ठ अधिकृत हुनुपर्ने छ। काठमाडौँ उपत्यकाका जिल्लामा पदस्थापन वा सरुवा गर्दा वा काज खटाउँदा ख र ग वर्गका जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी भई अनुभव हासिल गरेको हुनुपर्नेछाप्रदेश राजधानी भएको जिल्लाको हकमा मन्त्रालय, विभाग वा मातहतका कार्यालय वा प्रमुख जिल्ला अधिकारी भई काम गरिसकेको र गृह सचिव र प्रमुख जिल्ला अधिकारीबिच हुने कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा उत्कृष्ट हुने तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई प्राथमिकता दिइने छ ।

यसैगरी विभागीय सजाय पाएको भए सो अवधिभर विभागीय कारबाहीको प्रक्रिया प्रारम्भ भएको भए सो प्रक्रिया नटुंगएसम्म प्रजिअ खटाइने छैन भने जिल्लाको वर्गीकरणसमेत गरिएको छ। सरुवा र पदस्थापन व्यवस्थित र पारदर्शी बनाउन कार्यविधि ल्याइएको गृहमन्त्रालयको दावी छ । खटनपटनमा हुने गरेका विवाद र गुनासाहरूको अन्त्य गरी निष्पक्ष र पारदर्शीताकलाई झल्काउने कार्यविधिमा सिमित हुनुहुँदैन । 'कार्यविधिले खटनपटनलाई व्यवस्थित गर्न सकेमा महत्त्वपूर्ण हुनेछ ।

प्रजिअ भई काम गर्ने जनशक्तिलाई प्रेरणा पनि प्रदान गर्ने विश्वास गृहले लिइएको छ।' कार्यविधिलाई इमानदारीताका साथ पालना गरिने हो भने अवश्य पनि यसअघिको भद्रगोल अन्त्य हुने छ। खटिएका कर्मचारीमासमेत मनोबलसमेत बढाई सेवा प्रवाहमा सकारात्मक प्रभाव पार्नेछ । निजामतीतन्त्रमा अड्डा जमाइसकेको राजनीतिलाई धेरै हदसम्म निरुत्साहित गर्दै क्याडर बेस बनाउन समेत मद्दत पुऱ्याउने हो भने कडाईका साथ कार्यान्वयन हुनुपर्छ ।

# मोहरपानी आदर्श टोल बिकाश संस्थाको अध्यक्षमा सिग्देल

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**

मोहरपानी आदर्श टोल बिकाश संस्था, पोखरा १३ आर्वाको शनिवार सम्पन्न तेस्रो अधिवेशनले श्रीराम सिग्देलको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

समितिको उपाध्यक्षमा श्रीराम बराल, सचिवमा शिबराज बराल, सहसचिवमा बद्री प्रसाद देवकोटा र कोषाध्यक्षमा नमुना बराल चुनिएका छन्। तेसैगरी कार्यसमिती सदस्यहरुमा सूर्य बहादुर सिग्देल, सिता देबी बराल, बिकाश बराल, शंकर बराल, राजन सिग्देल, केशब बराल, गोपीनाथ बराल, पोष बहादुर परियार, अनिता परियार र गिता परियार छानिएका छन् । समितीका सल्लाहकारहरुमा कृष्ण प्रसाद बराल, ऋषिराम सिग्देल,रामजी सिग्देल,नर बहादुर बराल र सावित्रि सिग्देल रहेका छन् ।

अधिवेशनको उदघाटन गर्दै पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष किरण बरालले ससमग्र वडाको बिकाश निर्माणको काममा टोल विकाश संस्थाहरुको उल्लेखनिय भुमिका रहने बताए। उनले आँफुले वडा टोलको बिकाश निर्माणलाई प्रमुखताका साथ अगाडी बढाउँदै समस्या रहेका ठाउमा प्राथमिकताका आधारमा काम गर्दै जाने प्रतिवद्धता जनाए । मोहरपानी आदर्श टोल बिकाश संस्थाका अध्यक्ष श्रीराम सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा, बिशेष अतिथि समाजसेवी देविरमण सापकोटाले, आफु विदेशमा रहेर पनी आँफ्नो ठाउबाट सक्दो सामाजिक सेवा गर्दै जाने बताए। वास्थला गनगने पंधेरा खोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष नर बहादुर बरालले कतिपय बिकाश निर्माणका काममा जिम्मेवार निकाय नै अन्यौल र मौन रहने गरेकोले समयमा काम पुरा नभएको प्रति गुनासो ब्यक्त गरे ।

कार्यक्रममा सहेले सालघारी बन उपभोक्ता समितिका अध्यक्ष बिष्णु प्रसाद बराल, संस्थाका सल्लाहाकार ऋषिराम सिग्देल,आदर्श बचत तथा ऋण सहकारी लिका अध्यक्ष राजेन्द्र प्रसाद बराल, जागरण आमा समुहकी कार्यवहाक अध्यक्ष गीता देवकोटा, आदर्श अर्गानिक कृषक समुहका अध्यक्ष शिव प्रसाद बराल, काहुँखोला टोल बिकाश संस्थाका अध्यक्ष माधव सिग्देल, ऐश्वर्या टोल बिकाश संस्थाका अध्यक्ष बुद्धीराज बराल लगायतका वक्ताहरुले शुभकामना मन्तव्य दिएका थिए। कार्यक्रममा अध्यक्ष श्रीराम सिग्देलको प्रगति प्रतिवेदन र कोषाध्यक्ष नमुना बरालको आर्थिक प्रतिवेदन समेत पारित गरिएको थियो। कार्यक्रमको सञ्चालन सचिव शिबराज बरालले गरेका थिए । यसैबीच संस्थाको तेस्रो अधिवेशनमा टोल बिकाश संस्थाका असी वर्ष उमेर पुगेका आठ जना जेष्ठ सदस्यहरुलाई जेष्ठ सदस्यीय सम्मानबाट सम्मानित गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा कृष्ण प्रसाद सिग्देल, बाबुराम सिग्देल, टंकनाथ बराल, बिष्णुमाया सिग्देल, दुर्गा देबी बराल, खिमा देबी बराल, हरिकला देवकोटा र सेतिमाया देवकोटा रहेका छन् ।

# राष्ट्रिय वाणिज्य बैंकको वार्षिकोत्सवमा रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको को ५८औँ वार्षिकोत्सवका अवसरमा बुधबार पोखरामा रक्तदान कार्यक्रम गरिएको छ।

बैंकको प्रादेशिक कार्यालयद्वारा आयोजित कार्यक्रममा ७० जनाले रक्तदान गरेको प्रादेशिक प्रबन्धक प्रमोद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार बैंकले निक्षेपकर्ताहरुसँग अन्तरक्रिया तथा सम्मान,सरसफाइसचेतना,अन्तरशाखा हाजिरीजवाफ, प्रभातफेरिलगायत कार्यक्रम गरी वार्षिकोत्सव मनाउँदैछ। आउँदो १० गते वार्षिकोत्सवको मूल समारोह आयोजना हुनेछ । राष्ट्रिय वाणिज्य बैंक पूर्ण सरकारी स्वामित्वमा रहेको पुरानो र ठूलो वाणिज्य बैंक हो । यसले देशका ७७ वटै जिल्लामा शाखा विस्तार गरी सेवा प्रवाह गरिरहेको छ। विसं २०२२ माघ १० गते बैंक स्थापना भएको थियो।

# कुरा होइन, काम गरेर देखाउँछौँ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
**दमौली, ४ माघ**

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले वर्तमान सरकारले कुराभन्दा काम गरेर देखाउने बताउनुभएको छ।

नेकपा (एमाले) व्यास नगर कमिटीले बुधबार दमौलीमा आयोजना गरेको सम्मान कार्यक्रममा मुख्यमन्त्री अधिकारीले धेरै कुरा गर्ने तर काम नगर्ने प्रवृत्ति हाबी भएको भन्दै आफूहरु काममा केन्द्रित हुने उल्लेख गर्नुभयो । विकास नहुनुको मुख्य जड कुरा बढी गर्ने प्रवृत्ति रहेको भन्दै उहाँले भन्नुभयो, "अहिलेको सरकारले कामबाटै जनताको विश्वासलाई पूरा गरेर देखाउनेछ ।" मुख्यमन्त्री अधिकारीले जनताले कुरा गर्ने नेतालाई पत्याउन छाडेको बताउनुभयो।


**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशु प्रजनन कार्यालय**
**पोखरा, कास्की**

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०७९/१०/०५**

यस कार्यालयबाट मिति २०७९ साल मंसिर १६ गते सूचना प्रकाशित गरी मिति २०७९ साल पौष १८ गतेका दिन खोलिएका तपसिलमा उल्लेखित बोलपत्रहरूको मुल्याङ्कन हुँदा देहायका बोलपत्रदाताहरूले पेश गरेका बोलपत्रहरू प्रभावग्राहि देखिएकोले उक्त बोलपत्रहरू छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्रहरूसँग सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | बोलपत्र विवरण | बोलपत्रदाता | बोल कबोल गरेको रकम रू (भ्याट र पी.यस. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | Maintenance of Shed, NLBO (Contract ID: 11/NLBO/NCB/W/079–80) | श्री बास्तोला निर्माण सेवा, कास्की | रु.३०,९२,२१३।७२ | |
| २ | Construction of Fencing and wall at Lower terrace, NLBO (Contract ID:12/NLBO/NCB/W/079–80) | श्री बास्तोला निर्माण सेवा, कास्की | रु.१८,७१,८४३।८० | |

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली

जन्म:
वि. स. १९९०/०९/१० गते



स्व: यज्ञ बहादुर साई

स्वर्गारोहण:
वि.स. २०७९/०९/२५ गते

हाम्रा प्रात स्मरणीय आदरणीय पति/बाबा/हजुरबाबा **यज्ञ बहादुर साई** को ८९ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारी:**
**गणेश साई/ विष्णुमाया साई**
**रमेश साई/ बुद्धलक्ष्मी साई**
**विकल साई/ संगिता साई**

**श्रीमती: देव कुमारी साई**
**नाति: दिपक, आर्दश, आशिक,**
**आतिश, अजय साई**
**नातिनी बुहारी: ईश्मा साई (गुरुङ)**

**छोरी ज्वाइँ: जमुना साई/ जनक साई**
**सरस्वती साई/ यम बहादुर साई**
**एवम्**
**सम्पूर्ण साई परिवार**
**पोखरा-९, महेन्द्रपुल**

**पूनश्च: मिति २०७९ माघ ५ गते बिहीबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समय: दिउँसो २:०० बजेदेखि स्थान: पोखरा-०९ सफल मार्ग, नयाँबजार**



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सत्कार मिल्नेछ | तुला | ब्यापारमा लाभ |
| वृष | सम्मान मिल्नेछ | वृश्चिक | शत्रुको भय |
| मिथुन | अप्रत्यसित लाभ | धनु | झमेला बढ्ने |
| कर्कट | आर्थिक समस्या | मकर | कार्यमा सफलता |
| सिंह | मानसिक तनाब | कुम्भ | मन चञ्चल |
| कन्या | शारीरिक झमेला | मीन | सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# हिसान फुटसल जिल्ला छनौट शुक्रबारदेखि

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**

हिसान गण्डकीको आयोजनामा हुने प्रथम फुटसल प्रतियोगिताको कास्की छनौट प्रतियोगिता शुक्रबारदेखि शुरु हुदैछ।

प्रतियागिताको टाइसिट बुधबार ड्र गरेको छ । टाइसिट अनुसार बुधबारको उद्घाटन खेल मदरल्याण्ड मावि र बालोदय मावि बिच हुनेछ । माघ ८ गते सम्म सञ्चालन हुने प्रतियोगितमा हिसानमा आवद्ध २९ टिमले सहभागीता जनाएका छन् ।

हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका छन् । कास्की जिल्लाबाट ८ टिम छनौट भै प्रदेशस्तरीय प्रतियोगितामा सहभागीता जनाउने छन् ।

कास्कीबाट ८ र अन्य जिल्लाबाट ८ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् । फागुन पहिलो साता प्रदेशस्तरीय प्रतियोगिता हुने हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले जानकारी दिए । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने अध्यक्ष बरालले बताए ।

पोखरा ४ गैरापाटनमा रहेको वि- फिट फुटसलमा छनौट प्रतियोगिता हुने व्यवस्थापन गरीरहेको सबिन मेमोरीयल फुटबल क्बलका अध्यक्ष सञ्जय लिगले बताए । त्यसै गरी प्रदेश स्तरीय प्रतियोगिता भने पोखरा रंगशालामा रहेको मल्टिपल हलमा हुने उनको भनाई छ । सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्बल हो । गत वर्ष पोखरामा भएको राष्ट्रिय फुटसल लिग प्रतियोगितामा देशभरबाट चौथो स्थान हासिल गर्ने सफल भएको थियो । हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न सहयोग गर्ने प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले बताए । युवाहरुमा भएको खेलकुदको प्रतिभा देखाउने ठाउँ नपाएकाहरुलाई यो अवसर हुने उनको भनाई छ ।

# पोखराबाट ल्याइएका शव परीक्षण गरिँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**

यही माघ १ गते काठमाडौंबाट पोखरातर्फ उडेको यती एयरलाइन्सको नाइन एन-एएनसी-एटीआर-७२-५०० विमान दुर्घटनामा परेर मृत्यु भएकामध्ये ४८ जनाको शव काठमाडौं ल्याएर परीक्षण गर्न थालिएको छ ।

नेपाली सेनाको दुई हेलिकोप्टरमार्फत मङ्गलबार दिउँसो काठमाडौं ल्याइएका शव केहीबेर अघिदेखि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा परीक्षण गर्न थालिएको यती एयरलाइन्सले जनाएको छ । मृतकका परिवार र आफन्तजनलाई ' काउन्सिलिङ' गर्ने काम मङ्गलबार सकिएपछि बुधबार बिहानैदेखि शव परीक्षण सुरु गरिएको सो अस्पतालले जनाएको छ । कतिपयको शव पहिचानसमेत हुन नसकेकाले डिएनएका आधारमा पहिचान गरेर परीक्षणपश्चात एकैपटक मृतकका परिवार तथा आफन्तलाई हस्तान्तरण गरिने बताइएको छ । चालकदलका सदस्यसहित ७२ जना सवार उक्त विमान दुर्घटनामा परेका ७१ जनाको शव भेटिएको बाँकी एक व्यक्ति अझै बेपत्ता रहेकाले खोजीकार्य जारी रहेको यती एयरलाइन्सले जनाएको छ ।

# पोखरा फाइनान्सका अध्यक्ष गुरुङले लिए राष्ट्र बैंकबाट शपथ

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**




पोखरा फाइनान्स लिमिटेडको सञ्चालक समितिको ५१५औं बैठकबाट संस्थाको अध्यक्ष पदमा नियुक्त भएका डा. दीर्घमान गुरुङले नेपाल राष्ट्र बैंक, गण्डकी प्रदेश कार्यालय, पोखरामा नेपाल राष्ट्र बैंकका निर्देशक डा. राम शरण खरेलबाट अध्यक्ष पदको पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन ।

कार्यक्रमको प्रारम्भमा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रवि चन्द्र गुरुङले वित्तीय संस्था तथा नवनियुक्त अध्यक्षको बारेमा संक्षिप्त जानकारी गराएका थिए । कार्यक्रममा निर्देशक डा. राम शरण खरेलले नव नियुक्त अध्यक्षलाई बधाई तथा शुभकामना प्रदान गर्नुहुँदै नेपाल राष्ट्र बैंकको निर्देशिकाको पालना तथा संस्थागत सुशासनको बारेमा प्रकाश पारेका थिए । नवनियुक्त अध्यक्ष डा. दीर्घमान गुरुङले पोखरा फाइनान्स लिमिटेडको अध्यक्ष पदमा नियुक्त भएकोमा खुशी व्यक्त गर्दै नेपाल राष्ट्र बैंकको निर्देशिका एवं संस्थागत सुशासनको पालना गर्दै सस्थाको प्रगतिको लागि हरदम प्रयत्नशील रहने प्रतिवद्धता समेत व्यक्त गरेका थिए ।

# पोखरा महोत्सवमा बद्रीले नचाए पाखरेली धुर्मुस र माग्नेबुढाले हसाए

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**



पोखराको अमरसिंह चौरमा जारी पोखरा महोत्सवमा बहुचर्चित लोकदोहोरी गायक बद्री पंगेनीले दर्शकहरुलाई नचाए भने हास्यब्यङ्ग्य मार्फत पोखरेली माग्ने बुढा र धुर्मुसले दर्शकहरुलाई हसाएका छन ।

बद्री पंगेनीले आफ्नो एकल प्रस्तुतीबाट स्टेजमा गाउन सुरु गर्दै दोहोरी मार्फत दर्शकहरुलाई मनोरन्जन प्रदान गरेका थिए । त्यसैगरी हास्यब्यङ्ग्य मार्फत पोखरेली धुर्मुस र माग्ने बुढाको प्रहसन मार्फत दर्शकहरुले मनोरन्जन लिएका थिए । महोत्सवमा बद्री पंगेनी संगै जीवन दाहाल, चोलेन्द्र पौडेल, पार्वती जिसी, अमर धिताल, माया गुरुङ, प्रेमराज अधिकारी, सुनमा गुरुङ लगायतको प्रस्तुती मार्फत दर्शकले भरपुर मनोरन्जन लिएका थिएभने सांझको लाइभ कन्सर्ट तर्फ ए.एस.एम.को प्रस्तुती मार्फत युवाहरुलाई भरपुर मनोरन्जन लिएका थिए । युनाइटेड क्लवले आयोजना गरेको एघारौं संस्करणको पोखरा महोत्सवको आठौं दिन दर्शकहरुको उल्लेख्य सहभागीता रहेको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । महोत्सवमा घोडसवार, महोत्सव स्थलबाटै निशुल्क रुपमा चिडियाखान जाने बसको ब्यवस्था, स्वास्थ्य उपचार लगायतका सुविधा संगै विदेशी पर्यटकहरुलाई निशुल्क प्रवेशको ब्यवस्था गरिएकाले पनि महोत्सवमा दर्शकको सहभागीता उल्लेख्य रुपमा रहेको प्रचार प्रसार संयोजक सुनारले वताए ।

महोत्सवको नवौ दिन बिहीबार चर्चित लोकदोहोरी गायिका तथा मोडल ज्योती मगर, जीवन दाहाल, शिवहरी ढुंगाना, शंकर पन्त, सीता परियार, पुजा तामाङ, तुलसा जिसी, माधव चापागाइ, नेत्र खड्का लगायतको प्रस्तुती रहनेछभने सांझको लाइभ कन्सर्ट तर्फ सविन राइ एण्ड फेरोहको प्रस्तुती रहने कलाकार ब्यवस्थापन संयोजक लोक बहादुर थापाले जानकारी दिए । महोत्सवमा करिव एक लाख दर्शकले प्रत्यक्ष अवलोकन गरेका छनभने करिव ४ करोड बरावरको कारोवार भएको अर्थ संयोजक सूर्य बहादुर बानियाले जानकारी दिए ।

# विमान दुर्घटनामा परेका २२ शव आफन्तलाई बुझाइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**


पोखरामा भएको यती एयरलाइन्सको नाइन एन-एएनसी-एटीआर-७२-५०० विमान दुर्घटनामा परेकामध्ये २२ जनाको शव उनीहरूका परिवारजनलाई बुझाइएको छ । पोखरामा परीक्षण गरिएका सबै शव आफन्तले बुझेका कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्गलबार भेटिएको शव पनि परीक्षणका लागि काठमाडौं पठाउने तयारी भइरहेको छ । दुर्घटनामा परेका एक जनाको स्थिति अझै अज्ञात छ । यसअघि मङ्गलबार नै ४८ शवलाई काठमाडौंस्थित शिक्षण अस्पताल पुऱ्याइएको थियो ।

पहिचान र सनाखत हुन नसकेका, विदेशी नागरिक र चालकदलका सदस्यको शव काठमाडौंमा परीक्षण हुनेछ । शव क्षतविक्षत भएका कारण पहिचानका लागि डिएनए परीक्षण गर्नुपर्ने भएकाले आफन्तले शव पाउन अझै केही दिन लाग्ने देखिएको छ ।

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



**जन्मः** २००१/०१/२५ गते

**स्वर्गारोहणः** २०७९/०९/२३ गते

**स्व. सु. डम्बर बहादुर गुरुङ**

**यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्य तथा संस्थाका उपाध्यक्ष श्री विष्णुमाया गुरुङको बुबा एवं शेयर सदस्य देवि गुरुङको श्रीमान् डम्बर बहादुर गुरुङ को ७८ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**अध्यक्ष**
**तथा**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**Karmashil Saving and Credit Co-operative Society Ltd.**
**पोखरा-८, सभागृहचोक परिवार**

---

## Government of Nepal (GoN)
## Ministry of Agriculture and Livestock Development
## Department of Livestock Services
# National Livestock Breeding Office, Pokhara
## Lamapatan, Pokhara, Kaski

**IFB No. NLBO/2079-80/8**
**Date of publication: 19 January 2023**

1. The National Livestock Breeding Office (NLBO) Pokhara invites electronic bids from eligible bidders for the procurement, supply and delivery of following goods, at time, place and quantity specified by NLBO under National Competitive Bidding procedures. The name and identification of the contract are as follows:

| IFB No. | Contract ID No. | Name of Procurement | Bid Security NRs | Document Fee NRs |
|---|---|---|---|---|
| NLBO/ 79-80/8.1 | NLBO/NCB/G/ 2079-80/13 | Supply and Delivery of Semen Filling Straws | 1,00,000/- | 3,000/- |
| NLBO/ 79-80/8.2 | NLBO/NCB/G/ 2079-80/14 | Supply and Delivery of Bovine Frozen Semen | 1,50,000/- | 3,000/- |

2. Eligible bidders may obtain further information at the office of NLBO, Pokhara, Tel 061-505389, Fax: 061-505389 and email nlbc.pokhara@gmail.com of this office.
3. Bidding Documents may be purchased electronically for e-submission from e-GP system http://www.bolpatra.gov.np/egp/ upon payment of a non-refundable fee on or before 17 February 2023 and submit their bid electronically.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank — Account No. 1000200010000
   Office Code no.: 312023902 — Revenue Code No.: 14229
5. Bids must be submitted electronically on or before 12:00 Noon on 20 February 2023. Documents received after this deadline shall not be accepted.
6. Pre-bid meeting shall be held at NLBO at 12:00 PM on 1 February 2023
7. Bids shall be opened in the presence of bidder's representatives who choose to attend 2:00 PM on 20 February 2023 at the office of NLBO, Pokhara. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period i.e. total of 120 days from the day of bid opening.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: 3020203000000 of Treasury and Account Controller office, Kaski (Ko. Le. Ni. Ka. Kaski) at Rastriya Banijya Bank, Pokhara and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Office Chief**